# मिति २०७६ असार १० गते पाँचौ गाँउसभामा उपाध्यक्ष श्री गोमा तरामुले प्रस्तुत गर्नुभएको आ.व. २०७६/०७७ को वजेट बक्तव्य

**आदरणीय यस गरिमामय गाँउ सभाका अध्यक्ष महोदय एवं सभाकासदस्यज्यूहरु,**

१.यस कञ्चन गाँउपालिकाको पाँचौ गाँउ सभामा गाँउपालिकाको आर्थिक वर्ष २०७६/७७ को आय र व्यायको अनुमान यस गरिमामय गाँउसभामा प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ ।

२. कञ्चन गाउँपालिकाको स्थापना पश्चात यस गरिमामय गाउँ सभामा तेस्रो पटक आय व्याय प्रस्तुत गरिरहदाँ नेपालको विभिन्न समयमा भएका गणतन्त्र तथा लोकतन्त्र प्रप्तिका आन्दोलनमा साहदत्त प्रप्त गर्नुहुने सम्पूर्ण शहीदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु।

३.रुपन्देही जिल्लामा नै फरक पहिचान र अस्तित्व बनाउन सफल यो कञ्चन गाँउपालिका स्थानिय तहको निर्वाचन पश्चात भएका विकास निर्माणका कामले समग्र कञ्चनको विकासमा आम कञ्चन बासि नागरिकहरुको विकास निर्माण प्रतिको संकल्पका कारण विकास निर्माणको अग्र मोर्चामा रहि छुट्टै पहिचान बनाउन सफल भएको सर्व विदित्तै छ।

४.कञ्चन गाउँपालिकाको मुख्य समस्याको रुपमा रहेको अव्यवस्थित बसोबासलाई व्यवस्थित बनाउन र हक भोग गर्ने जनताको हातमा सहज रुपमा जग्गा धनि प्रमाण पूर्जा पुगोस भनि जग्गा खरिद विक्री प्रक्रियालाई कानुनि मान्यता दिईएको छ।

५.स्थानीय सरकारको रुपमा स्थापित यस कञ्चन गाँउपालिकाको गरिमामय पाँचौ गाँउ सभामा आगामी आर्थिक वर्ष २०७६/०७७ को बजेटका उद्देश्यहरुलाई निम्न अनुसार प्रस्तुत गरेको छु।बजेटका उद्देश्यहरु निम्नअनुसार रहेका छन्।

**क) "आफ्नो गाउँ आफै बनाउँ", "रोजगार श्रृजना गरौ"**

ख) कृषि भुमिमा सिँचाईको व्यावस्था गरी कृषि उत्पादनलाई वृद्धि गर्ने,

ग) विकास निर्माणमा जन सहभागिता परिचालन,

घ) सार्बजनिक जग्गा संरक्षण

ङ) कृर्षि पेशालाई व्यवसायिकरण

च) शैक्षिक सुधार र स्वास्थ्य क्षेत्रको सवलीकरण एवं स्तरीकरण गर्ने,

छ) स्वरोजगार एवं रोजगारी सृजनामा सहजीकरण गर्ने,

ज) न्युन ब्याज दरमा ऋण उपलब्धता

झ) पारदर्शिता

ञ) सरकार संगको पहुँच

ट) शैक्षिक क्षेत्रमा व्यापक सुधार

ठ) राजश्वको दायरा बृद्धि

ड) महिला सशक्तिकरण।

६.उपरोक्त उद्देश्य हासिल गर्न नीति तथा कार्यक्रम तर्जुमा गर्दा देखि नै ध्यान पुर्याइएको छ । निम्न पद्धती अवलम्बन गरी बजेट तथा कार्यक्रमलाई जनमुखी यथार्थपरक दिगो र प्रभावकारी बनाउने प्रयास गरेको छु।

क) आन्तरिक स्रोत बाट प्रप्त हुने रकम

ख) संघिय सरकारबाट प्रप्त हुने वित्तिय समान्यिकरण अनुदान

ग) संघिय सरकारबाट प्रप्त हुने राजश्व बाँडफाँड

घ) संघिय सरकारबाट प्रप्त हुने समपुरक अनुदान

ङ) संघिय सरकारबाट प्रप्त हुने विषेश अनुदान

च) संघिय सरकारबाट प्रप्त हुने ससर्त अनुदान

छ) प्रदेश सरकारबाट प्रप्त हुने वित्तिय समान्यिकरण अनुदान

ज) प्रदेश सरकारबाट प्रप्त हुने राजश्व बाँडफाँड

झ) प्रदेश सरकारबाट प्रप्त हुने समपुरक अनुदान

ञ) प्रदेश सरकारबाट प्रप्त हुने विषेश अनुदान

ट) प्रदेश सरकारबाट प्रप्त हुने ससर्त अनुदान

ठ) जिल्ला समन्वय समितिबाट प्रप्त हुने बाँडफाँड रकम

ड) अन्य स्रोतबाट प्रप्तहुने रकम

ढ) स्रोत अनुमान तथा बजेट निर्धारण समितिबाट बजेट निर्धारण

अध्यक्ष महोदय,

७. आ.ब. २०७६/०७७ को बजेट तथा कार्यक्रम बनाउदा आय व्याय तर्फ निम्न अनुसारका कार्यबाट प्रप्त भएका निर्णय राय सुझाव र सल्लाहलाई आधारमानी बजेट तथा कार्यक्रम पेश गरेको छु।

क) टोल विकास संस्थाहरुको भेलाहरुबाट योजना संकलन
ख) आम नागरिकको चासोको विषय
ग) सरोकार वालाहरु संगको राय सुझाव तथा परामर्श
घ) बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक
ङ) वडाबाट प्रथामित्का निर्धारण सहित भएका योजना सिफारिस
च) राजनैतिक दल संगको परामर्श तथा अन्तरक्रिया
छ) विषयगत समितिको निर्णयहरु
ज) उत्पादन मूलक र छिटो प्रतिफल दिने,

८.बजेट तथा कार्यक्रममा आम जनताको चासो र सरोकारको विषयलाई संवोधन गर्न र प्रभावकारि रुपमा कार्यान्यन गर्न प्राथमिकताका आधारहरुलाई निम्नानुसार उल्लेख गरेको छु।

क) रोजगारी श्रृजनामा महत्वपूर्ण योगदान दिने
ख) कृर्षि तथा पशु पालन व्यवसायलाई सहज बनाउने
ग) जनताको अपनत्व विकास हुने
घ) सबै वर्ग लिङ्ग र जात जातिको अपनत्व विकास हुने
ङ) महिला विकास
च) वन तथा वातावरण संरक्षण
छ) कञ्चन गाउँपालिकाको नीति तथा कार्यक्रम
ज) संघिय र प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट,
झ) नेपालको संविधान २०७२
ञ) संघीय र प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
ट) संघीय र प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
ठ) स्थानीय सरकार संचालन ऐन २०७४ तथा स्थानीय शासन सञ्चालन संबन्धी ऐन, निर्देशिका तथा परिपत्रहरु
ड) संघिय र प्रदेश सरकारका विषयगत एवं क्षेत्रगत नीतिहरु,

अध्यक्ष महोदय,

९. बजेट निर्माणमा देखिएका चुनौतिहरु

क) संघिय तथा प्रदेश सरकारबाट प्रप्तहुने अनुदान तथा राजश्व बाँडफाँडको रकममा कमि

ख) आन्तरिक राजश्वमा कमि

ग) विकास निर्माणमा अबरोध

घ) कर्मचारी अभाव

ङ) जनताको आकंक्षामा तिब्र बृद्धि

च) संघ प्रदेश र स्थानिय विचमा समन्वयमा अभाव

छ) स्थानीय स्रोत साधनको उचित परिचालन गर्न नसक्नु

ज) सबै प्रकारका भेदभाव र छुवाछुत अन्त्य गरी सामाजिक न्याय र समानतामा आधारित समाजको स्थापना गर्नु ।

झ) स्थानीय सरकारका अधिकार र कार्यहरु सिमित साधन स्रोत र बढ्दो जनआकङ्क्षा ।

ञ) नीजि तथा सहकारी क्षेत्रसंगको सहकार्यमा आर्थिक विकासका क्रियाकलाप द्रुत गतिमा अगाडि बढाई स्वाधिन र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदानगर्ने कार्य ।

ट) छिमेकि स्थानीय तहसंग असल सम्बन्ध र साझेदारी कायम गर्दै सेवाप्रवाह र विकास निर्माणमा प्रतिस्पर्धात्मक रुपमा अगाडि बढ्न नसक्नु ।

ठ) बढ्दै गईरहेको बेरोजगारी समस्या समाधानका लागी यस गाउँपालिका भित्र उद्यमशिलता प्रबर्धन तथा स्वरोजारका कार्यक्रमहरु संचालनद्धारा आत्मनिर्भरता विकास गर्न प्रदेस तथा संघिय सरकारसंग समन्वयको अभाव।

ड) यस गाउपालिका भित्रका अधिकासं जनताको पेशा कृषि भएको हुदा यस क्षेत्रलाइ व्यवसायिक प्रतिस्प्रर्धि र आत्मनिर्भर बनाउन आवश्यक पहल र सहयोगको खाँचो ।

ढ) संविधानले स्थानीय सरकारलाई तोकिदिएको क्षेत्राधिकार र साधनस्रोतको दायराभित्र रहि लोकतन्त्रलाई स्थानीय स्तरदेखि नै संस्थागत विकास गर्ने मार्गमा थुप्रै जटिलताहरु देखिनु।

अध्यक्ष महोदय,

१०. अब म चालु आर्थिक बर्षको संशोधित आय र व्ययको विवरण प्रस्तुत गर्न चाहन्छु। चालु आर्थिक वर्षमा आन्तरिक राजस्व जेष्ठ मसान्त सम्मको यथार्थ रु. ९१ लाख ५ हजार २ सय ३५रुपैया भएको छ।आ.ब. २०७५/०७६ को अनुमानमा आन्तरिक राजश्व बापत १ करोड ५० लाख अनुमान गरिएको मा अनुमान गरिए जति राजश्व उठने सम्भावना न्युन देखीन्छ। यसैगरि गत आ.ब को संचित अल्या १ करोड ५० लाख अनुमान गरिएकोमा उक्त रकम बढ्न गई अल्या बचत रु १ करोड ७९ लाख ७३ हजार ५ सय ९३ रुपैया अल्या भएको छ। त्यसैगरी अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत संघिय सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान रु. १० करोड ४५ लाख भएकोमा उक्त रकम सोहि अनुसार खर्च शिर्षकमा खर्च भई जेष्ठ मसान्त सम्म ६ करोड ३५ लाख खर्च भैसकेको छ। ।संघिय सरकारबाट राजश्व बाँडफाँडबाट ६ करोड ३८ लाख ९३ हजार प्रप्त भएकोमा खर्च शिर्षकहरुमा ४ करोड ८ लाख ५७ हजार खर्च भई बाकि रकम खर्चको प्रक्रियामा रहेको छ। गत आ.ब को बजेट खर्च शिर्षकमा नपरेको संघिय सरकारबाट प्रप्त भएको विषेश अनुदान बापतको रकम रु २ करोड ५० लाख समेत लाई खर्च शिर्षकमा राखि काम अघि बढिरहेको र उक्त शिर्षक बाट ५० लाख खर्च भई बाकि प्रक्रियामा रहेको छ।त्यसै गरि ससर्त अनुदान तर्फ संघिय सरकारले तोकेको शिर्षकहरुमा बजेट कम हुनगई पुन थप भएको नयाँ कार्यक्रम आई प्रधानमन्त्री रोजगार कार्यक्रमबाट रु २३ लाख बजेट थप भएको छ। यसै गरि प्रदेश सरकारबाट प्रप्त भएको वित्तिय समानिकरण अनुदान ४३ लाख ३२ हजार राजश्व बाँडफाँड ३८ लाख २० हजार र ससर्त अनुदान ९६ लाख तोकिएको शिर्षकमा खर्च भएको र आ.ब. को अन्त्य सम्म खर्च हुने अनुमान छ। त्यसै गरि क्षेत्र विकास कार्यक्रमबाट प्रप्त भएको रु ८९ लाख ६८ हजार समेत तोकिएको खर्च शिर्षकहरुमा खर्च हुने अनुमान गरि समग्र स्रोतहरु मध्येबाट ससर्त शिर्षकमा प्रप्त भएको रकम बाहेक आ.ब. को अन्त्यमा रु १ करोड ५० लाख बचत हुने अनुमान गरेको छु। यसरि सरसर्ति हेर्दा आ.ब. २०७५/०७६ को आय व्याय विवरणको अनुमान सन्तुलित रुपमा रहेको छ।

आ.ब २०७६/७७ को लागि  अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत संघिय सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान रु. ११ करोड ५९ लाख, संघिय सरकारबाट राजश्व बाँडफाँडबाट ७ करोड ८३ लाख, संघिय सरकार बिशेष अनुदान अनुमान ३ करोड, संघिय सरकारबाट समपुरक अनुदान अनुमान १ करोड संघिय सरकारबाट सशर्त अनुदान रु.१४ करोड २० लाख, सामाजिक सुरक्षा भत्ता अनुदान रु. ८ करोड ५० लाख, प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान रु. ४३ लाख ५३ हजार, प्रदेश सरकारबाट सशर्त अनुदान ८० लाख, प्रदेश सरकारबाट बिशेष अनुदान ५२ लाख, प्रदेश सरकारबाट राजश्व बाँडफाँड ५१ लाख ३८ हजार प्रदेश सरकारबाट समपुरक अनुदान अनुमान २ करोड र अन्य अनुदान जिल्ला समन्वय समिति मौज्दात कोषबाट योगदान तथा समानुपातिक र प्राथमिकताका आधारमा प्राप्त रकम २ करोड ५९ लाख र अन्य अनुदान मालपोत बाँडफाँड बाट ३५ लाख रहेको छ।त्यस्तै आन्तरिक राजश्व बाट १ करोड ५० लाख र अल्या मौजदातबाट रु १ करोड ५० लाख त्यसैगरी रु.२ करोड बराबरको जनसहभागिता सहित जम्मा आम्दानी रु. ५८ करोड ३२ लाख ९१ हजार रुपैयाँ रहने अनुमान छ।

माथि उल्लेखित आम्दानी मध्ये खर्च तर्फ चालु तर्फ रु. ८ करोड ५५ लाख ,सामाजिक सुरक्षा भत्ता वितरण तर्फ रु.८ करोड ५० लाख  सशर्त अनुदान तर्फ १४ करोड २० लाख रुपैयाँको अनुमान रहेको छ।त्यसै गरि पुँजीगत तर्फ रु. २४ करोड २७ लाख ९१ हजार रुपैयाँ, जनसहभागिता तर्फ रु. २ करोड र कुल अल्या रु. १ करोड ५० लाख हुने अनुमान पेश गरेको छु ।यस बमोजिमको वित्तीय परिचालनबाट आर्थिक क्षेत्र अन्तर्गत कृषि, पशुपालन, पर्यटन प्रवर्दन लगायतका विषय सामाजिक क्षेत्र अन्तरर्गत शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई, संस्कृति प्रवर्दन, खेलकुद, लैङ्गिक समानता, लक्षित वर्गको सशक्तिकरण, सवलीकरण र मूल प्रवाहिकरणका क्षेत्रमा विभिन्न कार्यक्रमहरु सञ्चालन भई उपलब्धी प्राप्त हुने आस गरेको छु।

माथि उल्लेखित क्षेत्रमा भएका विकास क्रियाकलापहरुबाट समुदायमा सकरात्मक प्रभाव देखिसकेको छ भने केही विकासका आधारहरु खडा भएका छन् तिनबाट विस्तारै उपलब्धीहरु प्राप्त हुनेछन। पूर्वाधार क्षेत्र अन्तर्गत सडक निर्माण, सिंचाई सुविधा, समुदायिक भवनहरु निर्माण भएका छन् ।

विभिन्न क्षेत्रका गैरसरकारी संघ–संस्थाहरु संगको सहकार्य र समन्वयमार्फत नागरिक स्तरमा चेतना अभिवृद्धि, आयआर्जन र जीविकोपार्जनमा टेवा पुऱ्याउने कार्यहरु भएका छन् । यस अवसरमा सबै वर्ग क्षेत्र तहबाट नागरिक हितका निमित्त भएका प्रयासहरु र सम्पादित क्रियाकलापबाट प्राप्त उपलब्धीका निमित्त हार्दिक धन्यवाद दिन चाहन्छु । कार्यसम्पादनका क्रममा देखिएका समस्या, बाधा–व्यावधान, कमी–कमजोरीलाई आत्मसाथ गर्दै आगामी दिनमा कार्यक्रम कार्यान्वयन प्रयासमा पनि निरन्तर सहयोग र सदभावको अपेक्षा राखेको छु ।

**सभाध्यक्ष महोदय,**

११. अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

क) करको आधार र दायरा बढाउने, कर शिक्षा अभियान संचालन गरि लागु गर्न आ.ब. २०७६/०७७ को कार्यक्रम संचालन गर्ने प्रस्ताव गरेको छु ।

ख) आर्थिक विकास अन्तर्गत सशर्त अनुदानको रुपमा संघिय सरकाबाट प्राप्त कृषि तथा पशुपालनको क्षेत्रमा रु. १६ लाख ४५ हजार र स्वस्थ्य तर्फ १ करोड ५१ लाख ७० हजार, यूवा तर्फ १ लाख, नविकरणिय उर्जा तर्फ ३० लाख, प्रधानमन्त्री रोजगार तर्फ १६ लाख ८९ हजार शिक्षा तर्फ ११ करोड ८७ लाख ७ हजार गरी जम्मा रु. १४ करोड २० लाख त्यसै गरि सामाजिक सुरक्षाको ८ करोड ५० लाख अनुमान गरेको छु।

ग) गाँउपालिकाबाट आर्थिक बर्ष २०७६/०७७ को बजेटमा निम्नानुसारको शिर्षकहरु मध्ये भवन निर्माण तर्फ गाउँपालिका भवन वडा कार्यालय भवन ३ वटा पुस्तकालय भवन सामुदायिक भवन लगाएतका भवन निर्माणका लागि रु ८ करोड ८४ लाख विनियोजन गरेको छु।त्यसै गरि निर्मित भवन सुधार सार्वजनिक भवन ममर्त विद्यालयहरु ममर्त मठ मन्दिर डियाहार लगाएतका संरचनाहरु ममर्त सुधारको लागि १ करोड ४४ लाख ७५ हजार विनियोजन गरेको छु।

घ) पशु कृर्षि सिचाईको क्षेत्रमा सहज रुपमा सेवा प्रप्त होस भनि सिचाईको लागि मेसिनरि औजार खरिदमा रु ४३ लाख ५० हजार विनियोजन गरेको छु।

ङ) पशु तथा कृर्षिको क्षेत्रमा व्यावसायिक रुपमा लागेका र लाग्न इछुक व्यक्ति फम सहकारी संस्थाहरुलाई योगदानमा आधारित कार्यक्रम संचालन गरि व्यावसाय प्रबन्धन गर्न रु ५९ लाख १५ हजार बजेट विनियोजन गरेको छु।

च) पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिई पूर्वाधार विकास अन्तर्गत स्थानीय सडक तथा पुल कार्यक्रममा यात्रुहरुको चाप बढि भएका र बाक्लो बस्ति भएका सडकहरुमा जनसहभागितालाई समेत समावेश गरी ७०/२० कालोपत्रे योजनाको लागि रु. ५ करोड १६ लाख २१ हजार रकम विनियोजन गरेको छु। चालु अवस्थाका सडकहरु बाह्रै महिना यातायात सेवा संचालन सहजताका लागी कल्भर्ट निर्माण गर्न रु १८ लाख बजेट विनियोजन गरेको छु। अत्यन्तै चाप भएका र बाह्रै महिना संचालन हुने सडकहरु निर्माण गर्न रु ६९ लाख ५० हजार विनियोजन गरेको छु।गाउँपालिकाको अधिकासं क्षेत्रमा चार वर्ष भित्र सिचाई सुविधा पुर्याउन भुमिगत सिँचाई र सतह सिँचाई अन्तर्गत भुमिगत सिँचाई स्यालो टयुवेलको लागी रु. ६४ लाख ५० हजार विनियोजन गरेको छु।

छ) ग्रामिण विधुतिकरणलाई व्यावस्थित गर्न विधुत संरचना निर्माण तर्फ रु ८ लाख विनियोजन गरेको छु। त्यसै गरि कञ्चन तथा कोठी खोलामा तटबन्ध तथा बाँध निर्माण र अन्य तटबन्ध तर्फ रु १२ लाख ५० हजार विनियोजन गरेको छु। त्यसै गरि खानेपानी संरचना निर्माण तर्फ रु ८ लाख ३० हजार विनियोजन गरेको छु। बन तथा बातावरण संरक्षण तर्फ रु १९ लाख बजेट विनियोजन गरेको छु।

अध्यक्ष महोदय,

ज) माथि उल्लेखित शिर्षकहरुमा नपरेका र विविध कारणले योजनामा समावेश हुन नसकेका सार्वजनिक महत्वका क्षेत्रहरुको संरक्षण संम्बर्धन तथा प्रबर्धनको लागि रु ३५ लाख रकम विनियोजन गरेको छु। त्यसै गरि विभिन्न सडक पुल कल्भट खेलकुद संरचना निर्माण विभिन्न सडकहरु ममर्त संभार लगाएतको कार्यहरु व्यवस्थित रुपमा संचालन गर्नको लागि रु ६३ लाख रकम विनियोजन गरेको छु। त्यसै गरि विभिन्न सडकहरु कञ्चन रिङ्गरोड वडा कार्यालय भवन कञ्चन करिडोर लगाएतका संरचनाहरुको अनुसन्धान सर्भेक्षण लगायतका कार्यहरु(DPR) को लागि रु २६ लाख रकम विनियोजन गरेको छु।

झ) आकष्मिक रुपमा सृजनाहुने भौतिक निर्माण तथा ममर्त संभार तथा सो संग सम्बन्धित प्राकृतिकरुपमा सृजित समस्याहरु समाधान गर्न सहज होस तथा संघिय सरकार तथा प्रदेश सरकारबाट लागत सहभागिताका आधारमा संचालन हुने योजना तथा परियोजनाहरुको लागि समेत गरि रु ३ करोड २९ लाख ५० हजार रकम विनियोजन गरेको छु।

ण) बदलिदो विश्वतापमानलाई समेत मध्यनजर गरी प्राकृतिक सम्पदा, सिमसार क्षेत्र, ताल तलैया, पोखरी, वन लगायतका संरक्षणको लागी संघिय सरकारर प्रदेश सरकारले संवोधन गरी सकेको अवस्थामा सो कार्यलाई अझ थप प्रभावकारी रुपमा अगाडी बढाउन प्रयाप्त रकम व्यवस्था गरेको छु। फोहोरमैला तथा ढल व्यवस्थापन अन्तर्गत टोल बिकास संस्थाहरुलाई परिचालन गरी कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै व्यवस्थापन गरी छुट्याएर राख्ने व्यवस्थाको लागी आवश्यक सामाग्रिको व्यवस्था गरीने र नकुहिने फोहोर र सहरी क्षेत्रमा निस्कने सबै किसिमको फोहोरलाई व्यवस्थित रुपमा विसर्जन गर्ने व्यवस्थाको लागी आवश्यक डम्पिङ साईडको पहिचान गरी विसर्जनको लागी आवश्यक बजेटको व्यवस्था गरको छु। सामुदायिक वन सिमसार क्षेत्र लगायतको संवर्धन गरी पर्यटकहरुलाई आकर्षित गर्न संघिय तथा प्रदेश सरकारसंगको सहभागितामा विभिन्न कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु। कोठी तथा कञ्चन लगायतका नदी तथा खोलाहरुले प्रत्येक वर्ष गर्ने कटान नियन्त्रणको लागी संघिय तथा प्रदेश सरकारसंग समन्वय गरी कटान नियन्त्रण गर्नको लागी गाउपालिका बाट समेत थप बजेटको व्यवस्था गरेको छु। दैवी प्रकोप बाढि हावा हुरी आगलागी चटटयाङ लगायतका प्रकोपबाट पिडितलाई राहत उपलब्ध गराउन बजेटको व्यवस्था गरेको छु।

त) गाँउपालिकाको सेवालाई चुस्त दुरुस्त बनाउन सुचना प्रविधिको प्रयोगबाट अनुगमन प्रणालिलाई थप व्यवस्थित गर्न विद्युतिय हाजिरी सि सि क्यामराको प्रयोगबाट कर्मचारिको कामको अनुगमन मुल्याङकनका आधारमा प्रोत्साहन र पुरस्कारको व्यवस्था सुशासन प्रवद्धर्न गर्न आवस्यक व्यवस्था गरेको छु।

**सभाध्यक्ष महोदय,**

१२.संघियता कार्यान्वयनको चरणमा गाँउपालिकाको पाँचौ गाँउसभामा प्रस्तुत भईरहेको आ.ब. २०७६/०७७ को आय व्यायको अनुमान मस्यौदा तयारीका केहि सिमाहरु, रहेका थिए । यस्ता सिमाहरु कार्यान्वयन चरणमा देखापर्ने निश्चित छ । बजेट तर्जुमा र कार्यान्वयन आफैमा चुनौतिपुर्ण जिम्मेवारी हो । यस चुनौतिको सामना गर्दै गन्तव्यमा पुग्नै पर्ने बाध्यता छ । यस्तो बाध्यात्मक अप्ठ्यारो अवस्था र चुनौति सामना गर्ने उर्जा र शक्ति जनमतले प्रदान गरेकोले गन्तव्यमा पुग्ने विश्वास लिएको छु ।

१३. विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरु, समुदायिक वन उपभोक्ता समूहहरु, सहकारी संस्थाहरु लगायतका निकायहरु कार्यक्रमहरुलाई पनि यसै बजेटको अभिन्न अंग मानी समन्वय गरी कार्यन्वयन गरिनेछ । यसरी विभिन्न स्रोतबाट हुने आय र खर्चलाई कानूनी रुपमा बजेटका अभिन्न अङ्ग बनाउन आवश्यक कानूनी प्रक्रिया अपनाको छु ।

**सभाध्यक्ष महोदय,**

१४. अव म आर्थिक वर्ष २०७६/०७७ को अनुमानित आय व्यय र स्रोत व्यावस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु । प्रस्तुत बजेटको आयको ठूलो हिस्सा अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत संघिय सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान रु. ११ करोड ५९ लाख, संघिय सरकारबाट राजश्व बाँडफाँडबाट ७ करोड ८३ लाख, संघिय सरकार बिशेष अनुदान अनुमान ३ करोड, संघिय सरकारबाट समपुरक अनुदान अनुमान १ करोड संघिय सरकारबाट सशर्त अनुदान रु.१४ करोड २० लाख, सामाजिक सुरक्षा भत्ता अनुदान रु. ८ करोड ५० लाख, प्रदेश सरकारबाट प्राप्त वित्तिय समानीकरण अनुदान रु. ४३ लाख ५३ हजार, प्रदेश सरकारबाट सशर्त अनुदान ८० लाख, प्रदेश सरकारबाट बिशेष अनुदान ५२ लाख, प्रदेश सरकारबाट राजश्व बाँडफाँड ५१ लाख ३८ हजार प्रदेश सरकारबाट समपुरक अनुदान अनुमान २ करोड र अन्य अनुदान जिल्ला समन्वय समिति मौज्दात कोषबाट योगदान तथा समानुपातिक र प्राथमिकताका आधारमा प्राप्त रकम २ करोड ५९ लाख र अन्य अनुदान मालपोत बाँडफाँड बाट ३५ लाख रहेको छ।त्यस्तै आन्तरिक राजश्व बाट १ करोड ५० लाख र अल्या मौजदातबाट रु १ करोड ५०

लाख त्यसैगरी रु.२ करोड बराबरको जनसहभागिता सहित जम्मा आम्दानी रु. ५८ करोड ३२ लाख ९१ हजार रुपैयाँ रहने अनुमान छ।

१५.व्यायतर्फ पूँजीगत खर्चका निमित्त रु. २४ करोड २७ लाख ९१ हजार, र जनसहभागिता /लागत सहभागिता वाट आउने रु.२ करोड समेत पुजीगत खर्चमा समावेस गरेको छु। चालु खर्चका लागी ८ करोड ५५ लाख मध्ये कार्यक्रम खर्च तर्फ रु ८८ लाख २५ हजार, महिल विकास बालबालिका अन्य लक्षीत र विभिन्न आयमुलक तालिम र अन्य कार्यक्रम तर्फ रु. १ करोड ३६ लाख ६० हजार, छात्रवृति तर्फ रु ४ लाख ५० हजार, राहत उद्धार तथा पुनर्स्थापना तर्फ रु ८ लाख ५० हजार विनियोजन गरेको छु । संघिय सरकारबाट प्राप्त सशर्त अनुदानको कार्यक्रम खर्च १४ करोड २० लाख, प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानको कार्यक्रम खर्च रु ८० लाख र सामाजिक सुरक्षा भत्ता वितरण तर्फ रु. ८ करोड ५० लाख तोकिएको शिर्षकमा खर्च गर्ने गरी समावेश गरेको छु ।

राजस्वको शिर्षकगत अनुमान विवरण, संचित कोषमा जम्मा हुनेगरी विभिन्न स्रोतबाट प्राप्त हुने आय र व्ययको शीर्षकगत विवरणहरु अनुसूचीमा उल्लेख गरेको छु ।

**सभाध्यक्ष महोदय,**

यो बजेट निर्माणमा आदणिय गाउँपालिका अध्यक्ष ज्यू वाट प्राप्त मार्गदर्शन र सुझावका लागि कृतज्ञता व्यक्त गर्दछु।यसै गरी सम्पूर्ण कार्यपालिका सदस्य ज्युहरु गाउँसभाका सदस्य ज्युहरु विभिन्न विषयगत समितिका सदस्यहरु र सबै राष्ट्रसेवक कर्मचारीहरु , विभिन्न राजनीतिक दलका नेताहरु, समाजका प्रतिष्ठित व्यक्तिहरु, निजी क्षेत्रका उद्यमी व्यवसायीहरु, संचार क्षेत्र, सुरक्षा क्षेत्र लगायत समाजका सवै पक्षबाट प्राप्त सहयोगको स्रहाना गर्दै राय सुझाव सल्लाह उपलब्ध गराउने सम्पुर्ण महानुभावहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। यसरी नै बजेट कार्यान्वयनमा सम्बद्ध सबै पक्षको सहयोग प्राप्त हुने अपेक्षा गर्दै बजेट बक्तव्य यहि अन्त्य गर्दछु।

धन्यवाद।